वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २१८ | २०८२ पुस ०८ गते मंगलबार, नेपाल सम्वत् ११४६ December 23, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**शैक्षिक प्रदर्शनी :** तनहुँको दमौलीस्थित सत्यवती माध्यमिक विद्यालयको स्वर्ण जयन्ती उत्सवका अवसरमा विद्यार्थीको शैक्षिक प्रदर्शनी । पुस ८ गते स्वर्ण जयन्ती मनाउने तयारी गरेको विद्यालयले सोमबार विद्यार्थीहरूको प्रतिभा झल्कने शैक्षिक प्रदर्शनी, पुरस्कार वितरण र विविध सांस्कृतिक कार्यक्रम गरेको छ । *तस्विर : भञ्ज्याङ*

# आँबुखैरेनी क्याम्पस सञ्चालनका लागि स्थानीय सक्रिय

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको आँबुखैरेनी क्याम्पसमा स्नातकोत्तर तहको पठनपाठन सञ्चालनको तयारी सुरू भएसँगै क्याम्पसको दिगो सञ्चालनका लागि स्थानीयवासी, सामाजिक व्यक्ति र शिक्षाप्रेमीहरु सक्रिय बनेका छन् । क्याम्पसले अक्षयकोष स्थापना गर्न आह्वान गरेपछि स्थानीयको स्वतःस्फूर्त सहभागितामा हालसम्म करिब ३० लाख रूपैयाँ बराबरको अक्षयकोष स्थापना भएको छ।

क्याम्पसको १९औँ क्याम्पस भने आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले आकाश चुमान स्मृति छात्रवृत्तिका लागि अक्षयकोष स्थापना गरे । यसैगरी शिवशक्ति आमा समूह, जमुना श्रेष्ठ, भगवानदास मल्ल, एम. नारायण श्रेष्ठ, वासुदेव पुडासैनी, केशरबहादुर केसी, शिव कुँवर, पूर्व जिल्ला शिक्षा अधिकारी बाबुराम देवकोटा, सन्तबहादुर केसी, नस्तुराम कँडेल, निवर्तमान गाउँपालिका अध्यक्ष गिरबहादुर थापा, आँबुखैरेनी सेवा समाज, फेमस ठकुरी, गणेशबहादुर महत, मालती केसी, विमला कुँवर




सभाको अवसरमा क्याम्पसको दीर्घकालीन विकास र उन्नयनका लागि विभिन्न व्यक्ति तथा संस्थाहरूले अक्षयकोष तथा छात्रवृत्तिका लागि आर्थिक सहयोग प्रदान गरेका हुन् । साथै, थप सामाजिक व्यक्तित्वहरूले पनि अक्षयकोषमा योगदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्थानीय सहयोगअन्तर्गत गोर्खा सिराञ्चोक–५ निवासी भवदत्त शर्मा पोखरेलले भव शर्मा पुरस्कार अक्षयकोष स्थापना गरेका छन् भने आँबुखैरेनी–३ निवासी रत्नबहादुर कुँवरले पदमकुमारी स्मृति पुरस्कार अक्षयकोष स्थापना गरेका छन् । गोर्खाको पालुङटार–१ निवासी प्रेमबहादुर गंगाजुले प्रेम–लक्ष्मी गंगाजु पुरस्कार अक्षयकोष स्थापना गरे ।

क्याम्पस अध्यक्ष ऋषि केसीले रामबहादुर केसी स्मृति छात्रवृत्ति अक्षयकोष स्थापना गरेका छन् देवकोटा, राजेश्वर खनाल, शेरबहादुर गुरूङ, आँबुखैरेनी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, चितनारायण श्रेष्ठ, गणेशकुमार श्रेष्ठ र रमेशकुमार श्रेष्ठ, मख्खनबहादुर घिमिरे, अणमान श्रेष्ठ, मिलनचोक जरेवर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सोमबहादुर विकलगायतले विभिन्न शीर्षकमा अक्षयकोष तथा छात्रवृत्तिका लागि आर्थिक सहयोग गरेका छन्।

क्याम्पस व्यवस्थापन समितिका अनुसार स्थापना गरिएको अक्षयकोषबाट छात्रवृत्ति प्रदान गर्दै क्याम्पसको शैक्षिक गतिविधि सुदृढ बनाउने लक्ष्य लिइएको छ। स्थानीयको सक्रियताले आँबुखैरेनी क्याम्पसलाई उच्च शिक्षाको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्ने विश्वास लिइएको छ ।

# संविधानको अक्षर र मर्म दुवैको पालना गरेका छौं : नेपाली सेना

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

जेनजी आन्दोलनपछिको अवस्थालाई सहज तुल्याउने सन्दर्भमा राष्ट्रपति र कार्यपालिकाको निर्णय अधिकारको सम्मान गरेको नेपाली सेनाले उल्लेख गरेको छ। परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व नै भएको समेत स्पष्ट पारेको छ । तत्कालीन अवस्थाका बारेमा चर्चा गरिएको जङ्गीअड्डा लेखमा भनिएको छ, "संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरु आइरहेका छन् । सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकाङ्क्षा देखाएको छ। जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ। यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो ।"




सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको स्पष्ट गर्दै लेखमा भनिएको छ, "सेना संविधानप्रति निष्ठावान् छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ।" सेनामा राजनीतिक महत्वकाङ्क्षा पटक्कै नभएको उल्लेख गर्दै भनिएको छ, "तत्कालीन राजनीतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेको चाहिँ पक्कै हो। सेनामा यदि राजनीतिक महत्वकाङ्क्षा हुन्थ्यो भने, आज हामी यो अवस्थामा हुन्थ्यौँ र ?" विद्यमान अवस्थालाई मूल्याङ्कन गरी सुरक्षा निकायलाई मजबुत बनाउनु राष्ट्रको हितमा भएको उल्लेख गर्दै भनिएको छ, "परिस्थितिको सतहीभन्दा वस्तुपरक ढङ्गबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ", लेखको पूर्ण विवरण यसप्रकार छ :

**भदौ २३–२४ गतेपश्चातको परिस्थिति : नेपाली सेनाको भूमिका**

गत भदौ २३–२४ गतेको जेनजी आन्दोलन र सोपश्चात् विकसित घटनाक्रममा सेनाको भूमिका र राष्ट्रिय सुरक्षाको सम्बन्धमा विभिन्न पक्षबाट बहस भएको देखिन्छ । लोकतन्त्रमा समालोचना अपरिहार्य हुन्छ। नेपाली सेनालगायत राज्यका संरचनाहरूको समालोचना, प्रशंसा तथा खबरदारी गर्न पाउनु जनताको लोकतान्त्रिक अधिकार हो । यसबाट उक्त निकायहरूलाई आ–आफ्नो जिम्मेवारी थप प्रभावकारी ढङ्गबाट निर्वाह गर्न सहयोगीसिद्ध हुने नै छ । तत्कालीन संकटको परिस्थितिमा भएको घटना सम्बन्धमा तीन महिनापछिसम्म पनि बहस कायम रहनु तथा विविध कोणहरूबाट विश्लेषण हुनु सुरक्षा सचेतनाको परिप्रेक्षमा सकारात्मक नै हो । नेपाली सेनाको भूमिकामा विभिन्न दृष्टिकोणबाट टिकाटिप्पणी तथा प्रश्नहरु आए । देशमा आइपरेको अकल्पनीय संकटको अवस्थालाई पार लगाउने क्रममा राज्यको प्रमुख सुरक्षा अङ्गले खेलेको भूमिकाको सम्बन्धमा भएका टिकाटिप्पणी बारेमा यहाँ थप स्पष्ट पारिएको छ ।

**संवैधानिक दायरा र नागरिक सर्वोच्चता**

नेपालको संविधानले नेपाली सेनालाई पूर्णतः नागरिक सर्वोच्चता र निर्वाचित सरकारको अधिनमा राखेको छ । सेनाको परिचालन, भूमिका र सीमा स्पष्ट छन् । कार्यपालिकाको निर्णयबिना सेना आन्तरिक सुरक्षामा स्वतः प्रवेश गर्न सक्दैन । यही संवैधानिक मर्यादाले नेपाली सेनालाई आज पनि देशकै सबैभन्दा विश्वसनीय संस्था बनाएको हो । यो नेपाली सेनाको संविधान र लोकतान्त्रिक शासन प्रणालीप्रतिको सम्मान पनि हो । यदि सेनाले कार्यपालिकाको स्पष्ट आदेशबिना हस्तक्षेप गरेको भए र २४ गते थप नागरिकको मृत्यु भएको भए परिस्थिति सम्हालिन कठिन त हुने नै थियो । बिनाआदेश आफैँ परिचालन भयो भनी त्यसको दोष पनि सेनामाथि नै पर्ने थियो । गत भदौ २४ मा तत्कालीन अवस्थाले उच्च जोखिममा परेका विशिष्ट व्यक्तिहरु, कूटनीतिज्ञ तथा सर्वसाधारणको जीवन रक्षा नेपाली सेनाको पहिलो दायित्व बन्यो । जीवन रक्षा कुनै व्यक्ति विशेषको संरक्षण होइन, यो राज्यको आधारभूत कर्तव्य हो। भदौ २४ मा अवस्था अझ व्यापक र अराजक बन्दा जीवन जोगाउने प्राथमिकतासहित संयमित रूपमा उपस्थित भयो सेना । उक्त दिन कुनै अकल्पनीय घटना भएको भए त्यसले निम्त्याउने थप द्वन्द्व र अस्थिरतातर्फ पनि गहिरिएर विचार पुर्‍याउनु पर्दछ । भौतिक पूर्वाधार महत्त्वपूर्ण भए पनि जीवनभन्दा माथि कदापि हुँदैन । मानवीय क्षतिको मूल्यमा भौतिक संरचना जोगाएको भए पनि फेरि प्रश्न उठ्ने पक्का थियो कि, सेनाले

बाँकी तेश्रो पेजमा

# व्यासले अल्ट्राम्याराथन र स्वास्थ्य शिविर गर्ने

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकाले अल्ट्राम्याराथन प्रतियोगिता गर्ने भएको छ। नगरपालिकाको सोमबार नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको २२८औँ नगर कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले आगामी माघ १६ गते शहीद दिवसका अवसरमा व्यास–५ मानुङकोटदेखि वडा नं ८ पुतिमराङसम्म अल्ट्राम्याराथन खुला दौड प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ । प्रतियोगिताको व्यवस्थापनका लागि व्यास नगर खेलकुद समितिलाई सम्बन्धित वडा अध्यक्षहरु समेत समावेश गरी जिम्मेवारी दिइएको छ ।

उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्ष तथा प्रतिनिधि र कार्यपालिका सदस्यहरूको उपस्थितिमा सम्पन्न बैठकले नगरपालिकाको आर्थिक ऐन २०७४ लाई व्यवस्थापन गर्ने गरी व्यास नगर आर्थिक विधेयक २०८२ आगामी नगर सभामा पेश गर्ने निर्णय गरेको छ । साथै, विधायन समितिबाट प्रस्तावित ज्येष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका २०८२ पनि पारित गरिएको छ ।

बैठकले आगामी नगर सभामा पेश गरिने प्रस्तावहरु तयारी गर्ने

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## हाम्रो जिम्मेवारी

असार र साउन महिना नेपाली समाजको मौसमी र सांस्कृतिक जीवनशैलीसँग गहिरो सम्बन्ध राख्छ । वर्षातसँगै खेतबारी, पाखापखेरामा हुने कृषिकर्म, आँगनमा सुली बनेर सुकाइएका मकै, गोठमा गाईभैसी, धानका भकारी- यी सबै हाम्रो गाउँजीवनका प्राणवान दृश्य हुन्। तर दुःखको विषय के छ भने, यस्ता दृश्यहरु अब केवल स्मृतिमा सीमित हुँदै गएका छन्। खेतीयोग्य जमिन बाँझिंदै गएको छ, उत्पादनशील जमिन झाडी र वनजंगलमा परिणत भइरहेको छ । यसको मुख्य कारण गाउँबाट युवाशक्ति पलायन हुनु हो। विदेश रोजगारी र शहरमुखीकरणले गाउँको सामाजिक संरचना मात्र होइन, संस्कृतिलाई समेत बिथोल्दै लगेको छ। शिक्षादेखि स्वास्थ्यसम्मका आधारभूत सेवाहरूको अभावले गाउँले शहर पस्न वा विदेशिन बाध्य भएका छन्। यो बाध्यता गाउँलाई वृद्धवृद्धा मात्र बसोवास गर्ने सुनसान र उजाड बस्ती बनाइरहेको छ ।

हिजोका गाउँघर चाडपर्वमा रमाइला, सामूहिकतामा जीवन्त हुन्थे। आज त्यो रौनक हराउँदै गएको छ। आयातित संस्कृति र देखावटी प्रचलनले हाम्रो मौलिक संस्कृति ओझेलमा परेको छ। चाडपर्व विलासी उपभोगमा सीमित हुँदा हाम्रो पहिचान नै संकटमा परेको छ। संस्कृतिको जगेर्ना असफल हुनुको एउटा ठुलो कारण आर्थिक असुरक्षा हो। गरिबी र रोजगारीको अभावमा संस्कृति संरक्षण पनि दुरावस्थामा पुगेको छ । राजनीतिक परिवर्तनका माध्यमबाट देशले अधिकार र स्वतन्त्रता त प्राप्त गऱ्यो, तर ती अधिकारलाई स्थायी बनाउन आवश्यक आर्थिक क्रान्ति अझै सम्पन्न हुन सकेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको डेढ दशकपछि पनि मुलुक उत्पादनमुखी अर्थतन्त्रतर्फ डगमगाउन नसक्नु ठूलो विडम्बना हो । अझ पीडादायी कुरा- देशको मेरूदण्ड मानिने युवा शक्ति दैनिक हजारौंको संख्यामा वैधानिक बाटोमार्फतै विदेशिनु हो । यसरी निरन्तर युवाशक्ति गुमाइरहनु मुलुकका लागि घातक संकेत हो। राजनीतिक नेतृत्वले यस अवस्थालाई गम्भीरतापूर्वक नलिनु मुलुकको सबभन्दा ठूलो दुर्भाग्य हो ।

समाजको यथार्थ स्पष्ट छ- शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत सुविधा गाउँमै सहज उपलब्ध नभएसम्म गाउँ बस्न सजिलो हुँदैन। शहर पस्न सजिलो र गाउँ बस्न असजिलो हुने अवस्था कायम रहँदा "गाउँ फर्काउने सपना" केवल भाषणमा सीमित हुन्छ । यथार्थमा कुनै युवा वा परिवार आफ्नो जीवनका आधारभूत आवश्यकता अपूरा राखेर गाउँ फर्कन सक्दैन । यस्तो अवस्थामा अबको आवश्यकता भनेको तीनै तहका सरकारबीच सशक्त समन्वय र जवाफदेहीपन हो। विशेष गरी स्थानीय सरकारलाई 'घरदैलोको सरकार' भनिएको छ। त्यसैले स्थानीय सरकार बढी जिम्मेवार बन्नु अनिवार्य छ। गाउँका आवश्यकता बुझ्ने, नीति-कार्यक्रम र बजेट बनाउने, अनि त्यसलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हो ।

गाउँलाई पुनर्जीवन दिन सक्ने मुख्य क्षेत्रहरु पहिचान गर्न कठिन छैन । कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन, सीपमूलक रोजगारी, डिजिटल पहुँच, स्वास्थ्य र शिक्षा। यी क्षेत्रमा समान र न्यायपूर्ण विकासमार्फत मात्र गाउँ आकर्षक बन्न सक्छ। युवालाई गाउँमै आत्मनिर्भर बनाउने वातावरण सिर्जना गर्न सकियो भने पलायन रोकिन्छ । आत्मनिर्भर गाउँ मात्र समृद्ध नेपाल निर्माणको आधार हो । हामी प्राकृतिक स्रोत-साधनमा धनी छौं। तर मानव स्रोत पलायन भइरहेको छ। यो अवस्थालाई उल्ट्याउन सक्ने शक्ति हामी आफैंमा छ। आवश्यक कुरा भनेको इच्छाशक्ति र व्यवहारिक कार्यान्वयन हो। गाउँ उज्यालो हुँदा मात्र शहर र देश उज्यालो हुन्छ भन्ने चेतना सबै तहका नेतृत्व र नीतिनिर्मातामा जागृत हुनुपर्छ।

समृद्ध नेपाल बनाउने बाटो शहरको चमकधमकमात्र होइन, गाउँको जीवन्ततामा पनि निहित छ । गाउँमा आत्मसम्मानका साथ बस्न सक्ने आधार बनाइए मात्र युवा फर्किन्छन्, संस्कृतिको संरक्षण हुन्छ र हाम्रो मौलिक पहिचान सुरक्षित हुन्छ। अन्ततः आजको आवश्यकता हो- गाउँलाई फेरि गुल्जार बनाउने। तीजजस्ता पर्व गाउँमै रमाउने वातावरण बनाउनुपर्छ । युवाहरु स्वदेशमै आत्मनिर्भर बन्न सकून्, संस्कृति जोगाउन गर्व गर्न सकून्- यही हो समृद्ध नेपालको मार्ग। हामी गरिब जन्मेका हौं, तर गरिबी हाम्रो नियति होइन । यसको अन्त्य हाम्रो साझा जिम्मेवारी हो ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# जेन-जेड आन्दोलन : आशा र संकट

नेपालको राजनीतिक इतिहास आन्दोलनकै छायामा गुज्रिएको छ । प्रजातन्त्रको सपना बहुदलीय व्यवस्थाको पुनःस्थापना वा गणतन्त्रको उद्घोष यी सबैमा सडकको भूमिकाले निर्णायक मोड दिएको छ। जेन-जेड आन्दोलन पुराना आन्दोलनभन्दा विल्कुलै फरक देखियो। यो कुनै दलको निर्देशनमा जन्मिएको थिएन न त कुनै नेताको भाषणले यसलाई सशक्त बनाएको थियो । सामाजिक सञ्जालमाथि अचानक लगाइएको प्रतिबन्धले युवाको आक्रोशलाई विस्फोट गरायो र हजारौं युवा स्वयंस्फूर्त रूपमा सडकमा ओर्लिए ।

सामाजिक सञ्जाल आजका युवाका लागि केवल मनोरञ्जनको माध्यम मात्र थिएन नयाँ पुस्ताका लागि रोजगारी, अध्ययन, सिर्जना र विश्वसँग जोडिने पुल थियो। जब त्यो पुल एकै झट्कामा भत्काइयो तिनीहरूको भविष्य अन्धकारमय भएको भान भयो। त्यसैले जेन-जेड आन्दोलन केवल एउटा प्रतिबन्धको विरोध थिएन यो त व्यापक भष्टचार, राजनीतिक अन्याय, बेरोजगारी, असमानता र निराशाविरूद्धको सामूहिक उद्घोष थियो। आन्दोलन नेताविहीन थियो तर उद्देश्य स्पष्ट थियो । "नेपो बेबीज" भनिने राजनीतिक परिवारवादप्रति आक्रोश, सत्तामा बारम्बार उस्तै अनुहार मात्र देखिने निराशा र भविष्य गुम्ने डरले युवाहरूलाई एकै ठाउँमा ल्यायो। उनीहरूले प्रश्न उठाए किन हाम्रो सपना बारम्बार भत्काइन्छ ? किन हामी विदेश पलायन हुन बाध्य हुन्छौं ? किन हामीलाई सुन्ने कोही छैन ? यी प्रश्नहरूको गर्जनले सिंहदरबारदेखि अन्तर्राष्ट्रिय समुदायसम्म असर फैलायो। तर आन्दोलनले ल्याएको परिणाम केवल राजनीतिक र सामाजिक परिर्वतनमात्र थिएन । यसको आर्थिक क्षेत्रमा गहिरो र दीर्घकालीन असर पार्दछ।

गत आव २०८१/८२ मा नेपालको कुल ग्राहस्थ उत्पादन ६१ खर्ब ७ अर्ब रूपैयाँ पुगेको थियो र आर्थिक वृद्धिदर ४.६१ प्रतिशत अनुमान गरिएको थियो। आन्दोलनले निम्त्याएको विनाशका कारण यी दुवै सूचक कमजोर हुने निश्चित छ। राष्ट्रको सम्पत्तिमा खर्बौं रूपैयाँ बराबरको क्षति भइसकेको छ भने चलनचल्तिमा रहेका नोट नै जलेर नष्ट भएका छन । राजधानी मात्र होइन देशभर आन्दोलनले नै प्रभाव पारेकोछ । सिंहदरबार, संसद भवन, राष्ट्रपति कार्यालय, सर्वोच्च अदालत, निर्वाचन आयोग, मन्त्री निवासदेखि निजी निवाससम्म, सरकारी कार्यालयदेखि व्यापारिक प्रतिष्ठानसम्म कुनै पनि सुरक्षित रहेन। जलेका र ध्वस्त भएका यी संरचनाको पुनर्निर्माणमा लाग्ने भारी खर्च पूँजीगत बजेटबाटै काटिनुपर्ने देखिन्छ।

चालु आव २०८२/८३ को बजेटमा ४ खर्ब ७ अर्ब ८९ करोड रूपैयाँ (२०.८ प्रतिशत) पुँजीगत खर्चका लागि विनियोजन गरिएको थियो । तर जब त्यो रकम पुनर्निर्माणमा खर्चिनुपर्ने हुन्छ विकासका लागि छुट्याइएको सपना शून्यमा परिणत हुन्छ । पाँच वर्षसम्म विकास कार्य नै ठप्प हुने संकेत यस घटनाले दिएको छ।

नेपालले विगतमा भूकम्प र बाढीपहिरो जस्ता प्राकृतिक विपत्तिमा दातृ निकाय र विदेशी मित्र राष्ट्रबाट सहयोग पाएको थियो। तर यस आन्दोलनमा भएको तोडफोड, आगजनी र अराजकताप्रति अन्तर्राष्ट्रिय समुदायको दृष्टि भिन्न हुनेछ। यस पटक सहयोग आउने सम्भावना न्यून छ । जसको अर्थ क्षतिपूर्ति सार्वजनिक ऋणमार्फत मात्र सम्भव हुनेछ । यसले मुलुकलाई अझ ऋणको दलदलमा डुबाउने निश्चित छ ।

निजी क्षेत्र पनि यस आन्दोलनको प्रत्यक्ष मारमा पऱ्यो । होटल हिलटनदेखि सुपरमार्केट भाटभटेनीसम्म आक्रमण भयो। उद्योग, व्यापार र लगानीमाथि गरिएको यस्तो प्रहारले स्वदेशी र विदेशी लगानीकर्ताको आत्मविश्वास गुमायो। अब किन नेपालमा लगानी गर्ने ? भन्ने प्रश्न उब्जियो। यसको प्रत्यक्ष असर राजस्व संकलनमा देखिनेछ । त्यसमाथि निजी सम्पत्तिको क्षतिबाट मात्र बिमा कम्पनीमा ५० देखि ६० अर्ब बराबरको दाबी आउने अनुमान छ । यसले वित्तीय प्रणालीलाई ठूलो भार पर्नेछ । सबैभन्दा गम्भीर समस्या रोजगारीमा देखिनेछ । हजारौं जनालाई रोजगारी दिने निजी क्षेत्र ध्वस्त भएपछि रोजगार कटौती सुरू हुनेछ । बेरोजगारी बढ्नेछ युवा पलायन डरलाग्दो दरमा बढ्नेछ । चाडबाडको मुखमा उपभोग्य वस्तुको अभाव र मूल्यवृद्धिले सामान्य नागरिकको जीवन थप पीडादायी बन्नेछ ।

सबैभन्दा अपूरणीय क्षति भने मानवीय छ। दर्जनौं निर्दोष र अबोध बालबालिकाले आन्दोलनको हिंसात्मक छायामा प्राण गुमाए। उनीहरूसँगै हामीले केवल जीवन मात्र होइन भविष्य पनि गुमायौं। भौतिक संरचना फेरि निर्माण गर्न सकिन्छ तर गुमेको जीवन फर्काउन सकिँदैन । यसले यो आन्दोलनलाई केवल राजनीतिक र आर्थिक संकटको रूपमा मात्र होइन गहिरो मानवीय त्रासदीको रूपमा पनि स्मरण गर्न बाध्य बनाउँछ ।

अन्तर्राष्ट्रिय जगतले यस आन्दोलनलाई नजिकैबाट नियाल्यो। अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार, मानवअधिकार उल्लङ्घन र अराजकताप्रति चिन्ता व्यक्त गरियो। अन्तर्राष्ट्रिय जगतले देखेको अर्को चित्र अझ महत्त्वपूर्ण थियो नेपालको नयाँ पुस्ता केवल भोलिको श्रमिक मात्र होइन चेतनशील र आवाज उठाउने पुस्ता हो। उनीहरूले परिवर्तन चाहन्छन् समान अवसर खोज्छन् र आफ्नो देशमै भविष्य बनाउन चाहन्छन् । अब प्रश्न नेतृत्वमाथि छ के उनीहरूले यस आवाजलाई सुन्नेछन् ? के पारदर्शिता, जवाफदेहिता र समावेशी नीतिमा दृढ हुनेछन् ? वा पुरानै ढर्रामा चल्दै देशलाई थप निराशा र असफलतामा धकेल्नेछन्?



शिवदत्त चापागाई

**२०२५ को जेन-जेड आन्दोलनलाई क्षणिक आक्रोश भनेर खारेज गर्न सकिंदैन। यसले पुरानो सत्ता संरचनालाई नङ्ग्यायो, अर्थ तन्त्रका कमजोरीलाई उजागर गऱ्यो र भविष्यका लागि चेतावनी सुनायो। यदि नेतृत्वले यसलाई अवसरको रूपमा लिएर युवाको ऊर्जालाई संस्थागत गर्न सके यो आन्दोलन नयाँ नेपालको आधार बन्न सक्छ । यदि बेवास्ता गरियो भने देश फेरि अर्को ठूलो संकटतिर धकेलिन सक्छ।**

२०२५ को जेन-जेड आन्दोलनलाई क्षणिक आक्रोश भनेर खारेज गर्न सकिँदैन। यसले पुरानो सत्ता संरचनालाई नङ्ग्यायो, अर्थतन्त्रका कमजोरीलाई उजागर गऱ्यो र भविष्यका लागि चेतावनी सुनायो। यदि नेतृत्वले यसलाई अवसरको रूपमा लिएर युवाको ऊर्जालाई संस्थागत गर्न सके यो आन्दोलन नयाँ नेपालको आधार बन्न सक्छ । यदि बेवास्ता गरियो भने देश फेरि अर्को ठूलो संकटतिर धकेलिन सक्छ। अन्तत जेन-जेड आन्दोलनले एउटा कठोर सत्य प्रष्ट गऱ्यो भवनहरु जलेर खरानी हुन सक्छन् अर्थतन्त्र कमजोर पर्न सक्छ तर युवाको स्वर दबाउन सकिँदैन । यही स्वरमा नेपालको भोलि लेखिएको छ आशा र संकटको दोहोरो कथा जहाँ पुनर्निर्माणको बाटो पनि छ र यदि बेवास्ता गरियो भने पतनको खाडल पनि ।

*(लेखक जनज्योति क्याम्पस, भिमाद-६, तनहुँका सह-प्राध्यापक हुन् ।)*

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईको आज

### मेष
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

### वृष
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

### मिथुन
आफ्ना काममा अरूको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरू गर्ने समय छ ।

### कर्कट
आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

### सिंह
बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

### कन्य
टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

### तुला
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

### वृश्चिक
बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

### धनु
प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरूले काममा साथ दिनेछन् ।

### मकर
पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

### कुम्भ
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

### मीन
पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।



## हिमालको पृष्ठभूमिमा राइनास गाउँ

लमजुङको राइनास नगर पालिका-९ मा रहेको राइनास गाउँ र पृष्ठभूमिमा अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लुलगायतका हिमालहरू । गुरूङ संस्कृति र प्रकृतिसँग रमाउन यस क्षेत्र पछिल्लो समय बाह्य र आन्तरिक पर्यटकको रोजाइको केन्द्रसमेत बनेको छ ।

*तस्बिरः बिराट न्यौपाने/रासस*

# संविधानको अक्षर र ....

सिंहदरबार जोगाउन जनतालाई किन गोली हान्यो ? सर्वसाधारण व्यक्तिहरूले पनि कठिन परिस्थितिमा सेनाले तत्काल सहयोग र उद्धार गरेको अनुभव सार्वजनिक गरेकै छन् । नेपाली जनताको जीवन रक्षालाई नै पहिलो प्राथमिकता दिएको थियो। भूकम्पजस्तो विपद्का समयमा मानिस घर/सम्पत्ति छोडेर किन खुला ठाउँमा निस्कन्छन्? यो पनि विचारणीय छ ।

**विश्वसनीयताको मेरूदण्ड, नागरिक सरकारको आदेशमा आधारित कार्यप्रणाली**

आन्तरिक दङ्गा नियन्त्रणमा प्रहरी र सशस्त्र प्रहरी बल नेपाल अग्रपंक्तिमा रहने संवैधानिक व्यवस्था छ। सेना अन्तिम उपायका रूपमा रहन्छ । यही विभाजनले लोकतन्त्रलाई सुरक्षित राख्छ । सोहीअनुसार आवश्यकताको सिद्धान्तले छिटोभन्दा छिटो पहलता लिई सेनाले उद्धार, मानवीय सहायता र संवेदनशील स्थानको संरक्षणमा संयमित भूमिका खेलेकै थियो। अप्रत्याशित रूपमा विकसित घटनाक्रममा सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाली सेनाले संकटको व्यवस्थापन गरेको कुरामा पर्याप्त सार्वजनिक बहस भएकै छन् ।

संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरू आइरहेका छन् । सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकाङ्क्षा देखाएको छ । परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व नै हो, जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ । अन्ततः निर्णयको अधिकार कार्यपालिका र सम्माननीय राष्ट्रपतिको नै रह्यो र सेनाले त्यसलाई सम्मान गर्‍यो। यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो ।

**पृथ्वीनारायण शाहको तस्बिरः राष्ट्रिय एकताको प्रतीक**

भदौ २४ गते सेना प्रमुखको सन्देशमा पृथ्वीनारायण शाहको तस्बिर देखिनुलाई विभिन्न ढङ्गबाट आलोचना गरेको देखिन्छ। पृथ्वीनारायण शाह आधुनिक नेपालको निर्माता र राष्ट्रिय एकताको प्रतीक हुन् भन्नेमा कोही पनि सच्चा नेपाली जनताको दुईमत नहोला । राष्ट्र निर्माता कुनै पनि तन्त्र र वादभन्दा माथि रहेको नेपालको ऐतिहासिक पहिचान हुन्। संकटको क्षणमा राष्ट्रिय एकता, सार्वभौमसत्ता र अखण्डताको स्मरण गराउनु कुनै राजनीतिक सन्देश होइन, राष्ट्रिय चेतनाको आह्वान हो। त्यस सन्दर्भमा सेनाको नेतृत्वले एकताको सन्देश दिने प्रयास गर्नु सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कायम गर्नु पर्दछ भन्ने सन्देश थियो ।

**सेनाको विश्वसनीयता र प्रतिबद्धता**

इतिहासतर्फ फर्केर हेर्दा आजको दिनसम्म नेपाली सेनाले कहिल्यै सत्ता हस्तक्षेप गरेको छैन। बरू, संवैधानिक संक्रमणको समयमा संयम र अनुशासित भई नागरिक सर्वोच्चताको पक्षमा उभिएको छ । इतिहासकालदेखि हालसम्म नेपालमा भएका परिवर्तनहरूलाई सेनाले आत्मसाथ गर्दै आएको छ । संयुक्त राष्ट्र संघका शान्ति मिसनहरूमा निरन्तर सहभागी हुँदै फौज खटाउने राष्ट्रहरूको सूचीमा अग्रस्थानमा रहेको नेपाली सेनाले आफ्नो व्यावसायिकता, मानवअधिकार प्रतिको प्रतिबद्धता र अन्तर्राष्ट्रिय विश्वसनीयता प्रमाणित गरेको छ। सेनामा राजनैतिक महत्वाकाङ्क्षा पटक्कै देखिँदैन । तत्कालीन राजनैतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेको चाहिँ पक्कै हो । सेनामा यदि राजनीतिक महत्वाकाङ्क्षा हुन्थ्यो भने, आज हामी यो अवस्थामा हुन्थ्यौं र?

**वर्तमान राष्ट्रिय सुरक्षा र आगामी निर्वाचन**

आज देश निर्वाचनको दिशामा अघि बढिरहेको छ । यस्तो समयमा संस्थागत धैर्य, सुरक्षा संयन्त्रबीच स्पष्ट कार्यविभाजन र सबै निकायका नेतृत्वहरूको जिम्मेवारी महत्त्वपूर्ण रहेको छ। सेनाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्दै संवैधानिक आदेशअनुसार भूमिका निर्वाह गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ । नजिकिँदै गएको निर्वाचनलाई भयरहित ढङ्गबाट सुसम्पन्न गर्न आम जनसमुदायसहित सबै एकजुट हुनु पर्दछ ।

अन्त्यमा, गत भदौ २३-२४ गतेको जटिल परिस्थितिमा सेनालगायत सबै सुरक्षा निकायको भूमिकाको सन्दर्भमा नागरिक वृत्तमा सकारात्मक छलफल तथा बहस गरी सुझाव दिनुलाई राम्रै मान्नुपर्छ। सोहीअनुसार सेनाले आन्तरिक रूपमा उक्त कार्य गरेकै छ । यद्यपि परिस्थितिको सतहीभन्दा वस्तुपरक ढङ्गबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ । संकटको समयमा राष्ट्रिय सुरक्षाका अङ्गहरूबीच थप आपसी समन्वय, सद्भाव र सहकार्य हुनु जरूरी छ । उक्त घटनाक्रममा सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको छ। तत्कालीन परिस्थितिमा न त हस्तक्षेप गरेको छ, न कुनै राजनीतिक महत्वाकाङ्क्षा राखेको छ । जीवन रक्षालाई सधैँ प्राथमिकतामा राख्यो, संयमता अपनायो र अन्ततः निकास प्रक्रियाबाटै खोजियो । सेना संविधानप्रति निष्ठावान् छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ । (स्रोतः जनसम्पर्क तथा सूचना निर्देशनालय, जङ्गी अड्डा)

# व्यासले अल्ट्राम्याराथन ....

विषयगत समितिहरूलाई जिम्मेवारी तोक्दै समन्वयका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएको छ । संघ, गण्डकी प्रदेश र नगरपालिकाबाट जारी वन ऐन तथा नियमावलीका सम्बन्धमा डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटसँग छलफल गरी नगरपालिकाबाट जारी वन ऐन संशोधन प्रस्ताव तयारी गर्न विधायन समितिलाई जिम्मा दिने निर्णय पनि गरिएको छ ।

आर्थिक अवस्थाबारे जानकारी दिँदै बैठकमा आ.व. २०८२/०८३ का लागि प्रस्तावित रू. १ अर्ब ८१ करोड ७६ लाख १९ हजार बजेटमध्ये मंसिर मसान्तसम्म कुल ३६.३४ प्रतिशत आय प्राप्त भएको र चालु तथा पुँजीगततर्फ गरी २१.७१४ प्रतिशत खर्च भएको जानकारी गराइएको छ । साथै, विगत पाँच महिनामा फोहर व्यवस्थापनबाट रू. १० लाख ५९ हजार ७०४ आम्दानी भएको सार्वजनिक गर्ने निर्णय गरिएको छ ।

बैठकले पुस १२ गते शनिबार व्यास नगरपालिका वडा नं ८ को कार्यालयमा चितवन मेडिकल कलेज भरतपुर र हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय पनि गरेको नगर प्रवक्ता सुरेश थापाले जानकारी गराए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस
फोनबाट समेत नाम टिपाउन सकिन्छ ।

पुस १२ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला।*



**प्रोफेसर डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:
१. छाला सम्बन्धी रोगहरु, २. यौनरोग सम्बन्धी समस्याहरु (Male/Female), ३. कुष्ठ (Leprosy) रोग, ४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):

सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

## प्रत्येक शनिबार

पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने, जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

याद गरौं, बालबालिकाहरूलाई पनि तनाव हुन सक्छ ।
बालबालिकाहरूले आफ्नो तनावलाई फरक-फरक तरिकाबाट व्यक्त गरिरहेका हुन्छन् ।
बालबालिकामा देखिने तनावका लक्षणहरू



बालबालिका आफ्नो आमा वा बुवासँग मात्र बस्न खोज्ने
प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

२०८२ पुस ०८, मंगलबार
December 23, 2025

# जीवन्त सांस्कृतिक संग्रहालय निर्माणका लागि दमौलीमा सांस्कृतिक महोत्सव

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको सदरमुकाम दमौलीमा आगामी पुस २४ गतेदेखि माघ ५ गतेसम्म छैटौं आदिवासी जनजाति सांस्कृतिक महोत्सव गरिने भएको छ । नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद तनहुँले दमौलीस्थित खुला मैदानमा महोत्सव सञ्चालन गर्न लागेको हो।

लोपोन्मुख आदिवासी जनजातिका भाषा, लिपि, संस्कार र मौलिक संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नु महोत्सवको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ । महोत्सवबाट बचत हुने रकम व्यास नगरपालिका-१२, कमलबारीस्थित भानु-घाँसीग्राम क्षेत्रमा खुला जीवन्त सांस्कृतिक संग्रहालय निर्माणमा खर्च गरिने महासंघका जिल्ला अध्यक्ष सनम तामाङले जानकारी गराए ।

महोत्सवमा आदिवासी जनजातिका झाँकी, मौलिक सांस्कृतिक नृत्य-गीत, जातीय पहिचान झल्कने परिकार,




हस्तकला, अर्गानिक कृषि उपज तथा स्थानीय उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ । साथै, जिल्लाभित्रका होमस्टे प्रवर्द्धनलाई समेत महोत्सवसँग जोडिने जनाइएको छ ।

सोमबार दमौलीमा आयोजित पत्रकार सम्मेलनमा महासंघका जिल्ला अध्यक्ष तामाङले महोत्सव मनोरञ्जनमा मात्र सीमित नहुने बताउँदै यसले सांस्कृतिक जागरण, पहिचान स्थापना र पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

पत्रकार सम्मेलनमा महासंघका पूर्व अध्यक्ष हरिसिंह गुरुङलगायत पदाधिकारीहरूले महोत्सवको व्यवस्थापन र पारदर्शिताबारे जानकारी गराएका थिए । आयोजकले संस्कृति संरक्षण र पहिचान प्रवर्द्धनका लागि महोत्सवमा सक्रिय सहभागिता जनाउन सबैलाई आग्रह गरेको छ ।

## facebook twitter

**Gokul Prasad Baskota**



x.com/GokulPBaskota

एमालको के क तीनसय एक अलिक ठुलो भयो भन्ने मेरो मत थियो । तर गल्ती गरिएछ कि जस्तो लाग्यो नेपाली कपाले २३ गते दुई हजार चार सयको के क बनाउने खवर सुनेर? दुई तिहाई नै हान्छ कि के हो? गुगल कि भूगोल खत्रा जम्बोजेटले केही समय कङकट आवाजले नेपाली आकाश थर्काउने भो।कङकट म्युजियम नै गैसक्यो, भन्छ ।

**बाबाजी**



x.com/baabajee

पछिल्लो ३ महिनामा जेन्जी आन्दोलनमा प्रत्यक्ष सहभागी भएका करिब १५ जनालाई भेटेर घण्टौं गफ गरियो । केहीले ठाडै धम्काए, धेरैले पुरानै दलहरूमा स्पेस र स्टेक खोजेको देखें, एकाधले मात्र थिति सुध्रिए आफुलाई कुनै स्पेस नचाहिने बताए। राजनीतिमा न्यायपूर्ण व्यवस्था हुन । स्टेक भएको समूहलाई पर्याप्त स्पेस दिनु अनिवार्य हुन्छ।

**Anil Giri**



x.com/anilkathmandu

चुनाब अघि शक्तिशाली मुलुकहरूबाट राजदुत फिर्ता बोलाउने क्रम जारी ! चीन पछि संयुक्त राज्य अमेरिकाका राजदुत डिन थम्प्सन पनि फिर्ता बोलाइए ! चिनियाँ राजदुत पर्सि बेइजिंग जादै छन् भने अमेरिकी राजदुतलाई मध्य माघ भित्रमा फर्कन निर्देशन दिइएको बताइको छ !

# दमौलीमा घरेलु हिंसा तथा लागू औषधविरूद्ध महाअभियान : 'सभ्य समाज निर्माणमा सबैको सहकार्य आवश्यक'

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको सदरमुकाम दमौलीमा घरेलु हिंसा तथा लागू औषधविरूद्ध सभ्य समाज निर्माण अभियान सोमबारदेखि सुरू गरिएको छ । सामुदायिक प्रहरी सेवा केन्द्रको आयोजनामा सुरू गरिएको उक्त अभियानको उद्देश्य बढ्दो सामाजिक विकृति न्यूनीकरण गर्दै समुदाय र प्रहरीबीच सहकार्य सुदृढ गर्नु रहेको छ ।

अभियानको शुभारम्भ कार्यक्रममा व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले घरेलु हिंसा र लागू औषध समाजका गम्भीर समस्या भएको उल्लेख गर्दै यसलाई नियन्त्रण गर्न स्थानीय सरकार, प्रहरी र नागरिकबीच त्रिपक्षीय सहकार्य आवश्यक रहेको बताए ।




कार्यक्रममा व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले परिवार व्यवस्थापन र सामाजिक अनुशासन कायम गर्न महिलाको भूमिका महत्वपूर्ण रहेको बताउँदै आमाहरु सचेत भएमा मात्र घरेलु हिंसा र दुर्व्यसन न्यूनीकरण सम्भव हुने धारणा व्यक्त गरिन ।

त्यस्तै, प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले घरेलु हिंसा र लागू औषधलाई सामाजिक अपराधको रूपमा चित्रण गर्दै कानुनी तथा प्रशासनिक सक्रियतासँगै समुदायको प्रत्यक्ष सहभागिता अपरिहार्य रहेको बताए ।

कार्यक्रममा तथ्यांक प्रस्तुत गर्दै जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले युवापुस्तामा लागू औषधको लत बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरे । उनले समुदाय-प्रहरी साझेदारीमार्फत सचेतना अभियानलाई गाउँगाउँसम्म विस्तार गर्ने प्रतिबद्धता जनाए ।

सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष राजेश्वर हङ्खलेको अध्यक्षतामा आयोजित कार्यक्रममा व्यास नगरपालिकाका १४ वटै वडाका अध्यक्ष, शिक्षक, पत्रकार, आमा समूह तथा युवा क्लबका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

आयोजकका अनुसार अभियान आगामी दिनमा सहरमा मात्र सीमित नरही समुदायको प्रत्येक घरदैलोमा पुग्ने गरी सञ्चालन गरिने जनाइएको छ ।

## सामाजिक अपराध तथा हिंसा विरूद्ध एकजुट होऔं ।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरूद्ध एकतावद्ध भएर आवज उठाऔं ।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरूद्ध चेननामूलक कायृक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामाग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।

**अपराधमुक्त समाजकालागि कानुनी दायित्व निभाऔं, पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# भानुमा शिक्षक मेन्टरिङ् सम्बन्धी एकदिवसीय अभिमुखीकरण

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिकाको आयोजनामा शिक्षक मेन्टरिङ् सम्बन्धी एकदिवसीय सरोकारवालाको अभिमुखीकरण गोष्ठी आज मिति २०८२ पौष ७ गते सम्पन्न भएको छ । गोष्ठीमा भानु नगरपालिकाभित्र आधारभूत तहमा कार्यरत नवप्रवेशी शिक्षक, सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षक मेन्टरहरूको सहभागिता रहेको थियो।

संघीय सशर्त कार्यक्रमअन्तर्गत आयोजना गरिएको उक्त अभिमुखीकरणको उद्देश्य नवप्रवेशी शिक्षकहरूलाई पेशागत सहयोग प्रदान गर्दै दक्ष बनाउने र अन्ततः शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु रहेको नगरपालिकाले जनाएको छ।

कार्यक्रममा नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य र महत्वबारे प्रकाश पारेका थिए । गोष्ठीको सहजीकरण शिक्षक मेन्टर (प्रशिक्षक) ज्ञानेन्द्र पण्डितले गरेका थिए ।



मेन्टरिङ् कार्यक्रमअन्तर्गत मेन्टरले मेन्टी शिक्षकलाई पेशागत सहयोग, कक्षा अवलोकन, छलफल, पृष्ठपोषण, आवश्यकता अनुसार नमूना पाठ प्रदर्शन, शिक्षक सञ्जाल निर्माण, निर्णय तथा मार्गदर्शन गर्ने व्यवस्था गरिएको छ। यसका लागि अलग्गै मोबाइल एप विकास गरिएको छ, जसमा मेन्टरले गरेका गतिविधि अपडेट गरेसँगै केन्द्रमा प्रतिवेदन जाने व्यवस्था रहेको छ।

कार्यक्रमको अवधि छ महिनाको रहने र यस अवधिमा प्रत्येक मेन्टरले एकजना मेन्टी शिक्षकका ११ वटा कक्षा अवलोकन गर्नुपर्ने व्यवस्था गरिएको छ। आजै भानु नगरपालिकामा कार्यरत ६ जना मेन्टरहरु ज्ञानेन्द्र पण्डित, हिरामणी ढुङ्गाना, गोविन्दप्रसाद भट्टराई, उपेन्द्र विष्ट, रिदय भट्ट र सन्तोष खड्काले कार्य विभाजन गर्दै आधारभूत तहका २९ जना शिक्षकलाई मेन्टरिङ् गर्ने कार्ययोजना निर्माण गरेका छन्। भानु नगरपालिकामा यो कार्यक्रम सोमबारदेखिनै कार्यान्वयनमा आएको जनाइएको छ।

# फरार थुनुवा र प्रतिवादी पक्राउ, अवैध नदिजन्य पदार्थ नियन्त्रण

**भञ्ज्याङ समाचारदाता/दमौली**

जिल्ला प्रहरी कार्यालय तनहुँले फरार थुनुवा तथा प्रतिवादी पक्राउ र अवैध नदिजन्य पदार्थ नियन्त्रण अभियानलाई तीव्र बनाएको छ । प्रहरीले आइतबार र सोमबार सञ्चालन गरेको विशेष अभियानअन्तर्गत गत भदौ २३ गते जेन्जी आन्दोलनका क्रममा कारागार कार्यालय तनहुँबाट फरार भएका ५ जना थुनुवा/कैदीलाई पक्राउ गरी कारागार कार्यालय तनहुँ बुझाएको छ।

यसैगरी, विभिन्न अपराधमा संलग्न भई सम्मानित तनहुँ जिल्ला अदालतबाट फैसला भइसकेपछि फरार रहेका ७ जना प्रतिवादीलाई नियन्त्रणमा लिई अदालतमार्फत रू. १० हजार ५ सय राजस्व असुल उपर गरिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

यस्तै, ईलाका प्रहरी कार्यालय देवघाटबाट खटिएको प्रहरी टोलीले अवैध नदिजन्य पदार्थ ओसारपसारमा संलग्न तीन वटा ट्याक्टर नियन्त्रणमा लिएको छ । ना.६ त ९६२७, बा.प्र.०३-००१ त ०१६१ र म.प्र.०३-००१ त ८३२४ नम्बरका ती ट्याक्टरलाई आवश्यक कारबाहीका लागि देवघाट गाउँपालिकाको कार्यालय बुझाई रू. ४५ हजार राजस्व दाखिला गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तनहुँले फरार प्रतिवादी पक्राउ तथा अवैध गतिविधि नियन्त्रणका लागि अभियानलाई निरन्तरता दिने जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४